सधैं र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक

**विज्ञापन गराउन सम्पर्क गर्नुहोस् ।**

यस खबर दर्पण दैनिक पत्रिकामा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस् ।

सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७६७५१२५, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८६३६३२९८९

तपाई जुन सुकै ठाउँमा भए पनि हामीलाई सामग्री पठाएर । विज्ञापन वापतको रकम जम्मा गरेको स्क्रिनसट पठाउनुस् । हामी विज्ञापन गरी दिन्छौं ।

♦ वर्ष ९ ♦ अंक ३२६ ♦ २०८३ साल साउन ३१ आइतवार ♦ 16 Aug 2026 ♦ पृष्ठ ४ ♦ मुल्य रु. ५ ♦ www.shirishnews.com

# दाइजो प्रथा सामाजिक विकृति, अन्त्यका लागि सबैको पहल आवश्यक: उपसभामुख ठाकुर

**खबर दर्पण समाचारदाता**

**साउन ३० गते, ढल्केवर**

प्रतिनिधि सभाकी उपसभामुख रुबी ठाकुरले दाइजो प्रथा अन्त्यका लागि समाजका सबै पक्षको सामूहिक पहल आवश्यक रहेको बताउनुभएको छ।

धनुषाको ढल्केबरमा शनिबार नाई सहयोग संस्था नेपालको दोस्रो अधिवेशन तथा चौथो साधारण सभाको उद्घाटन गर्दै उपसभामुख ठाकुरले दाइजो प्रथाजस्तो सामाजिक विकृति अन्त्य गर्न कानुनी व्यवस्थासँगै समुदायस्तरबाट समेत निरन्तर अभियान सञ्चालन गर्नुपर्ने बताउनुभयो।

उहाँले दाइजो प्रथा अन्त्य गर्दै ठाकुर समुदायलाई सामाजिक, शैक्षिक, आर्थिक तथा राजनीतिक रूपमा अगाडि बढाउन समुदायका सबै सदस्यबीच एकता र पारस्परिक सहयोग आवश्यक रहेको उल्लेख गर्नुभयो। समुदायको एकता र सहकार्यबाट मात्रै सामाजिक प्रतिष्ठा र पहिचानलाई थप सुदृढ बनाउन सकिने उहाँको भनाइ थियो।

दाइजो प्रथाविरुद्ध आफूले निरन्तर आवाज उठाउँदै आएको उल्लेख गर्दै उपसभामुख ठाकुरले दाइजो लिएर वा दिएर विवाह गर्ने तथा दाइजोका लागि दबाब दिने कार्य कानुनविपरीत भएकाले त्यस्ता गतिविधिमा संलग्नलाई कानुनी कारबाही हुने बताउनुभयो।

उहाँले छोरीको विवाहमा दाइजो नदिने र छोराको विवाहमा दाइजो नलिने संस्कार विकास गर्न समुदायलाई आग्रह गर्नुभयो। “छोरीको विवाह गर्दा दाइजो नदिनुहोस्, छोराको विवाह गर्दा दाइजो नलिनुहोस्,” उहाँले भन्नुभयो।

दाइजोका कारण कुनै व्यक्ति वा परिवारमाथि दबाब, हिंसा वा अन्याय भएको जानकारी पाए आफूलाई सम्पर्क गर्न आग्रह गर्दै उहाँले त्यस्ता विषयमा आवश्यक पहल गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो।

उपसभामुख ठाकुरले नाई सहयोग संस्था नेपालको साधारण सभा तथा अधिवेशनको सफलताको शुभकामना दिँदै समुदायको हित, सामाजिक सुधार र अधिकारका क्षेत्रमा संस्थाले प्रभावकारी भूमिका निर्वाह गर्ने विश्वास व्यक्त गर्नुभयो।

कार्यक्रममा सिरहा नाई समाजका तर्फबाट श्यामकुमार ठाकुरले हजाम (ठाकुर) समुदायको सामाजिक, आर्थिक, शैक्षिक तथा राजनीतिक

*बाँकी पृष्ठ ३ मा*



# मिथिलाञ्चलमा झुलोनोत्सव सुरु

**खबर दर्पण समाचारदाता**

**साउन ३० गते, जनकपुरधाम**

मिथिलाञ्चलमा आजदेखि झुलोनोत्सव (झुला) पर्व सुरु भएको छ । साउन शुक्ल तृतीयादेखि सुरु भई झुलोनोत्सव पूर्णिमासम्म जारी रहन्छ ।

झुलोनोत्सवमा मठमन्दिरमा सिंहासन निर्माण गरी सजाइएको गद्दीमा रामसीतासहित देवीदेउताका मूर्ति राखी झुलाउने परम्परा रहिआएको छ ।



मिथिलाको सांस्कृतिक पर्वका रूपमा चिनिने झुलोनोत्सवको सुरुआत सन्त परम्पराको प्रारम्भदेखि भएको पौराणिक मान्यता रहेको जानकी मन्दिरमा छोटे महन्थ रामरोसन दास वैष्णवले बताए । सन्तहरूले खुला चउर वा रुखको छहारीमा बास बसी झोलामा ल्याएको शालिग्रामलाई आसनमा राखी झुलाएको जनविश्वासका आधारमा मिथिलामा अहिलेसम्म पनि झुला उत्सवलाई निकै महत्वका साथ हेर्ने गरिएको उनको भनाइ छ ।

मिथिलाका प्रत्येक मठ मन्दिरमा झुलोनोत्सव मनाउने गरिए पनि जनकपुरधामको मठ मन्दिर आकर्षणको केन्द्रका रूपमा मानिन्छ । झुलोनोत्सवमा विशेषगरी भगवान् सीताराम र राधाकृष्णलाई आज साँझदेखि झुलामा झुलाइने परम्परा रहँदै आएको जानकी मन्दिरका छोटै महन्थ दासले बताए । जानकी मन्दिरसहित विभिन्न देवीदेवताको प्रतिमा रहेका प्रत्येक मठमन्दिरमा विशेष किसिमका सिंहासन निर्माण गरी सजाइएको गद्दीमा देवीदेवताको प्रतिमा राखी झुलाउने परम्परा छ । यस उत्सवमा जनकपुरधामका मन्दिरबिच उत्सवभर रोचक प्रतिस्पर्धा हुने गर्दछ । एकातर्फ भगवान् राम र जानकीलाई झुलामा राखी झुलाइने गरिन्छ भने अर्कोतर्फ नाटक, नाचगान, भजनकीर्तन र लोक कथा सुनाइने गरिन्छ ।



# मधेशमा रगत अभाव, दैनिक माग धान्नै कठिन

**खबर दर्पण समाचारदाता**
**साउन ३० गते, बर्दिवास**



जनचेतनाको कमी रक्तदान प्रतिको गलत धारणाका कारण मधेश प्रदेशमा रगतको अभाव बढ्दै गएको छ ।

रक्तदान गर्दा शरीर कमजोर हुन्छ भन्ने भ्रमका कारण नियमित रक्तदाता बढ्न नसक्दा बिरामीलाई आवश्यक रगत जुटाउन रक्तसञ्चार केन्द्रहरूलाई कठिनाइ हुने गरेको हो ।

रगतको अभाव न्यूनीकरण गर्ने उद्देश्यले शुक्रबार जनकपुरधामको जनक चोकमा आयोजित खुला रक्तदान कार्यक्रममा ४० पिन्ट रगत सङ्कलन भएको छ ।

नेपाल औषधि तथा बिक्री प्रतिनिधि संघ जनकपुरधामले मधेश रक्तसञ्चार सेवा मुजेलियासँगको सहकार्यमा कार्यक्रम आयोजना गरेको हो ।

संघका वरिष्ठ उपाध्यक्ष विजयकुमार यादवका अनुसार संघको स्थापना दिवसको अवसर पारेर आयोजना गरिएको कार्यक्रममा ५० देखि ६० पिन्ट रगत सङ्कलन गर्ने लक्ष्य राखिएको थियो । तर, अपेक्षाअनुसार रगत सङ्कलन हुन सकेन ।

'रक्तदानका लागि धेरै मानिस सहभागी हुनुभयो । तर, केहीले विभिन्न कारण देखाउँदै रक्तदान गर्नुभएन,

'यादवले भने, 'रगतको अभावमा कसैले अकालमै ज्यान गुमाउन नपरोस् भन्ने उद्देश्यले कार्यक्रम आयोजना गरेका हौं ।'

स्वास्थ्यकर्मीका अनुसार रक्तदानसम्बन्धी भ्रम हटाउन र नियमित रक्तदानको संस्कार विकास गर्न अझै प्रभावकारी जनचेतनामूलक अभियान आवश्यक छ ।

विशेषगरी स्वस्थ व्यक्तिले निश्चित अन्तरालमा रक्तदान गर्दा शरीरमा कुनै गम्भीर कमजोरी नहुनेबारे आम नागरिकलाई जानकारी गराउनुपर्ने उनीहरूको भनाइ छ ।

मधेश रक्तसञ्चार सेवा मुजेलियामा दैनिक ३० देखि ३५ जनासम्म रगत लिन आउने गरेका छन् । तर, मागअनुसार रगत उपलब्ध गराउन नसक्ने अवस्था रहेको ल्याब टेक्निसियन श्रवजीत यादवले बताए ।

उनका अनुसार आकस्मिक अवस्थामा रगत आवश्यक परे सम्बन्धित ब्लड ग्रुपका दातालाई फोन गरेर बोलाई तत्काल रगत सङ्कलन गर्ने गरिएको छ । त्यसका लागि रक्तदाताको नाम र ब्लड ग्रुपसहितको छुट्टै सूचीसमेत राखिएको छ ।

'आपतकालीन अवस्थामा आवश्यक ब्लड ग्रुपका डोनरलाई फोन गरेर बोलाउँछौं र फ्रेस रगत उपलब्ध गराउँछौं,' उनले भने ।

नेपाल रेडक्रस सोसाइटीको रक्तसञ्चार केन्द्रमा समेत रगतको मौज्दात न्यून रहेको छ । केन्द्रका अनुसार हाल २ देखि ४ पिन्ट मात्रै रगत स्टकमा रहने गरेको छ, जबकि दैनिक माग ४० देखि ५० पिन्टसम्म पुग्ने गरेको छ ।

बिरामीका आफन्त रगत लिन आउँदा आवश्यक ब्लड ग्रुपको रगत उपलब्ध गराउन दाता खोज्नुपर्ने अवस्था रहेको केन्द्रले जनाएको छ ।

कतिपय अवस्थामा स्थानीय रूपमा रगत जुटाउन नसकेपछि अन्य स्थानबाट समेत रगत मगाउनुपर्ने बाध्यता हुने गरेको छ ।

स्वास्थ्यकर्मीका अनुसार मधेशमा महिलाको रक्तदान सहभागिता पनि निकै न्यून छ ।

रक्तदानबारे विद्यमान भ्रम हटाउँदै महिला तथा युवालाई समेत नियमित रक्तदानका लागि प्रोत्साहित गर्न सके रगत अभावको समस्या केही हदसम्म समाधान गर्न सकिने उनीहरूको भनाइ छ ।

मधेशमा अस्पताल तथा स्वास्थ्य संस्थाको सेवा विस्तारसँगै रगतको माग पनि बढिरहेको छ ।

दुर्घटना, प्रसूति, शल्यक्रिया, रक्तअल्पता तथा विभिन्न आकस्मिक उपचारका क्रममा रगत आवश्यक पर्ने भएकाले नियमित रक्तदानलाई निरन्तरता दिनुपर्ने स्वास्थ्यकर्मी बताउँछन् ।

रक्तसञ्चार केन्द्रहरूमा मौज्दात कायम राख्न आकस्मिक रक्तदान कार्यक्रमभन्दा पनि नियमित र स्वैच्छिक रक्तदाता बढाउनेतर्फ सम्बन्धित निकाय र सामाजिक संघसंस्थाले दीर्घकालीन अभियान सञ्चालन गर्नुपर्ने आवश्यकता देखिएको छ ।

# पढाइसँगै सेवामा विद्यार्थी, वृद्धाश्रममा सर सफाइ र खाजा वितरण



**खबर दर्पण समाचारदाता**
**साउन ३० गते, बर्दिवास**

जनकपुरधाम-१५ रामपुरस्थित रामपुर नि:शुल्क शिक्षा केन्द्रका विद्यार्थीहरूले सामाजिक सेवाअन्तर्गत जानकी वृद्धाश्रममा सरसफाइ तथा खाजा वितरण कार्यक्रम सम्पन्न गरेका छन् ।

'सेवा नै धर्म' भन्ने नारासहित शनिबार बिहान वृद्धाश्रम पुगेका विद्यार्थीहरूले आश्रम परिसरको सरसफाइ गर्नुका साथै त्यहाँ रहेका वृद्धाहरूका लागि खाजा तयार गरी खुवाएका थिए । विद्यार्थीहरूले वृद्धाहरूलाई कपडासमेत वितरण गरेका थिए ।

कार्यक्रमका क्रममा विद्यार्थीहरूले वृद्धाश्रममा रहेका आमाहरूसँग समय बिताउँदै उनीहरूको जीवनका अनुभव र अवस्थाबारे जानकारीसमेत लिएका थिए ।

सामाजिक सेवामार्फत वृद्धवृद्धाप्रति सम्मान र सहयोगको भावना विकास गर्ने उद्देश्यले कार्यक्रम आयोजना गरिएको केन्द्रले जनाएको छ ।

रामपुर नि:शुल्क शिक्षा केन्द्रका संस्थापक ईश्वर दासले बालबालिकालाई औपचारिक शिक्षासँगै सामाजिक उत्तरदायित्व, मानवीय सेवा र संस्कारको ज्ञान दिन कार्यक्रम आयोजना गरिएको बताए ।

उनले पुस्तकमा सीमित ज्ञानभन्दा व्यवहारिक जीवनमा सेवा र सहयोगको भावना महत्वपूर्ण हुने भन्दै केन्द्रले विद्यार्थीमा सामाजिक जिम्मेवारीको भावना विकास गराउन यस्ता कार्यक्रमलाई निरन्तरता दिने बताए ।

वृद्धाश्रममा गरिएको सरसफाइ, खाजा वितरण र कपडा सहयोगले विद्यार्थीहरूमा ज्येष्ठ नागरिकप्रति सम्मान तथा सामाजिक सेवाप्रति सकारात्मक सोच विकास गर्न सहयोग पुगेको आयोजकको भनाइ छ ।

## आवश्यक टेलिफोन नम्बरहरू

### जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिंग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| आँखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बछार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फ्युज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केबल टिभी नेटवर्क | ५२३७२८ |

### बर्दिवास

| | |
|---|---|
| बर्दिवास अस्पताल | ५५००९० |
| ट्राफीक प्रहरी | ५५००५५ |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला खानेपानि (गौरी डाडाँ ) | ५५०००५ |
| ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| बर्दिवास नगरपालिका | ५५००३१ |
| खानेपानि कार्यालय | ५५०११० |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२००९९ |
| बर्दिवास दुरसञ्चार | ५५०००० |
| पारिजात स्मृति अस्पताल | ५५०३७२ |
| नेपाल परिवार नियोजन संघ | ५५०१०७ |
| इलाका प्रहरी कार्यलय बर्दिवास | ५५०००६ |
| खानेपानी बर्दिवास | ५५०१४३ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ |
| शुभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| जनसेवा हस्पिटल | ५५०४०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ |
| इलाका प्रशासन कार्यालय बर्दिवास | ५५०६६८ |
| IRDS समाज सहकारी अस्पताल | ५५०४०१ |

### ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्युज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

### जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्वुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |

### महेन्द्रनगर

एम्बुलेन्स
(सोसल वेलफेयर & रिसर्च सेन्टर) ४१-५४०२३२
महेन्द्रनगर,धनुषा ९८४४०२४४५०/
९८०४८२५८६०

एम्बुलेन्स
(हिमालय युवा क्लव नक्टाभिज) ०४१-६२०४९१
९८०४८१५१२६

इलाका प्रहरी कार्यालय महेन्द्रनगर ५४०१९९
विद्युत प्राधिकरण महेन्द्रनगर ५४०१६१

## मटिहानीस्थित .......

जोडिएको महत्वपूर्ण पर्व भएकाले यसको मौलिकता र परम्परा जोगाउँदै व्यवस्थित रूपमा सञ्चालन गर्न नगरपालिका प्रतिबद्ध रहेको बताउनुभयो।

**जनै पूर्णिमाका दिन समापन**

झुलनोत्सव अवधिभर दैनिक रूपमा धार्मिक कार्यक्रम तथा झुला उत्सव सञ्चालन गरिनेछ। जनै पूर्णिमाका दिन विशेष धार्मिक विधि पूरा गरी डोलाको डोरी काटेर यस वर्षको झुलनोत्सव औपचारिक रूपमा समापन गरिने परम्परा रहेको छ।

मटिहानीको धार्मिक इतिहास, मिथिला संस्कृति र परम्परासँग गहिरो रूपमा जोडिएको झुलनोत्सवले स्थानीय धार्मिक तथा सांस्कृतिक पहिचानलाई पुस्तौंदेखि निरन्तरता दिँदै आएको छ। यसको संरक्षण, प्रवर्द्धन र व्यवस्थित व्यवस्थापन गर्न सके मटिहानीलाई धार्मिक पर्यटनको महत्वपूर्ण गन्तव्यका रूपमा थप विकास गर्न सकिने स्थानीयवासीको विश्वास छ।

## दाइजो प्रथा...........

उत्थानका लागि राज्यले विशेष पहल गर्नुपर्ने माग गर्नुभयो। उहाँले राज्यका विभिन्न निकायमा समुदायको प्रतिनिधित्व सुनिश्चित गर्नुपर्ने मागसहित उपसभामुख ठाकुरलाई ज्ञापनपत्र बुझाउनुभयो। ज्ञापनपत्रमा समुदायको शिक्षा, रोजगारी, आर्थिक अवसर तथा सामाजिक समावेशीकरणका क्षेत्रमा राज्यको ध्यान केन्द्रित गर्नुपर्नेमा जोड दिइएको थियो।

कार्यक्रममा सहभागी वक्ताहरूले सामाजिक कुरीति अन्त्य, समुदायको अधिकार संरक्षण तथा सामाजिक-आर्थिक उत्थानका लागि सरकारी निकाय, राजनीतिक नेतृत्व, सामाजिक संस्था र समुदायबीच सहकार्य आवश्यक रहेको बताएका थिए। उनीहरूले दाइजो प्रथा अन्त्यका लागि कानुनी कारबाहीसँगै सामाजिक चेतना अभिवृद्धिलाई प्राथमिकता दिनुपर्नेमा जोड दिए।

# स्वर्गीय वरिष्ठ साहित्यकार डा. विमलको सम्झनामा श्रद्धाञ्जली सभा

**खबर दर्पण समाचारदाता**
**साउन ३० गते, महेन्द्रनगर**

वरिष्ठ साहित्यकार एवं प्राज्ञ प्रा.डा. राजेन्द्र विमलको निधन भएको पाँचौं दिन उनको स्मृतिमा विकास पुरुष मकेश्वर बाबु सामाजिक प्रतिष्ठानले श्रद्धाञ्जली सभा आयोजना गरेको छ ।




प्रतिष्ठानमा आयोजित कार्यक्रममा सहभागी विभिन्न व्यक्तित्वले स्वर्गीय विमलप्रति श्रद्धाञ्जली अर्पण गर्दै मैथिली भाषा, साहित्य, शिक्षा तथा समाज रूपान्तरणका क्षेत्रमा उनले पुऱ्याएको योगदानको चर्चा गरे ।

सहभागीहरूले प्रा.डा. विमललाई साहित्यकारका रूपमा मात्र नभई नयाँ पुस्ताका लागि मार्गदर्शक र प्रेरणाको स्रोतका रूपमा स्मरण गरे ।

कार्यक्रममा उपस्थित साहित्यकार परमेश्वर कापडीले प्रा.डा. विमलको निधनले मैथिली साहित्य र बौद्धिक क्षेत्रमा अपूरणीय क्षति पुगेको बताए । उनले विमलले आफ्नो जीवनभर भाषा, साहित्य र समाजका लागि गरेको योगदानलाई आगामी पुस्ताले संरक्षण र अनुसरण गर्नुपर्नेमा जोड दिए ।

त्यस्तै, वरिष्ठ पत्रकार श्यामसुन्दर शशीले प्रा.डा. विमलको व्यक्तित्व बहुआयामिक रहेको चर्चा गर्दै उनको साहित्यिक तथा सामाजिक योगदानलाई संस्थागत रूपमा अभिलेखीकरण गर्न आवश्यक रहेको बताए ।

उनले विमलको विचार, लेखन र समाजप्रतिको दृष्टिकोण नयाँ पुस्ताका लागि समेत उत्तिकै सान्दर्भिक रहेको उल्लेख गरे ।

प्रतिष्ठानका अध्यक्ष रितेश सिंहले प्रा.डा. विमलको निधनले प्रतिष्ठानसहित सम्पूर्ण साहित्यिक तथा सामाजिक क्षेत्र शोकमा परेको बताए ।

उनले गुरुवर विमलले देखाएको बाटो र उनका योगदानलाई जीवन्त राख्न प्रतिष्ठानले आगामी दिनमा विभिन्न कार्यक्रम तथा गतिविधिलाई निरन्तरता दिने प्रतिबद्धता व्यक्त गरे ।

कार्यक्रममा सहभागीहरूले स्वर्गीय प्रा.डा. विमलको तस्बिरमा पुष्पगुच्छा तथा माला अर्पण गर्दै श्रद्धाञ्जली व्यक्त गरेका थिए ।

वक्ताहरूले उनको योगदानलाई स्मरण गर्दै परिवारजनप्रति समवेदना समेत प्रकट गरे ।

**सामाजिक तथा सांस्कृतिक सद्भाव कायम राखौं**

- ❖ सबै जाति, धर्म, भाषा, संस्कृति र परम्पराको सम्मान गरौं,
- ❖ विविधतामा एकता नेपालको पहिचान हो भन्ने भावना विकास गरौं,
- ❖ आपसी सम्मान, सहिष्णुता र भाइचाराको सम्बन्ध बलियो बनाऔं,
- ❖ सामाजिक विभेद, घृणा र भेदभाव अन्त्य गर्न योगदान दिऔं,
- ❖ चाडपर्व, संस्कार र संस्कृतिलाई सद्भावपूर्वक मनाऔं,
- ❖ अफवाह, द्वेषपूर्ण सूचना र गलत प्रचारबाट सचेत बनौं,
- ❖ संवाद, सहकार्य र समझदारीबाट समस्या समाधान गरौं,
- ❖ समावेशी, शान्तिपूर्ण र सभ्य समाज निर्माणमा योगदान दिऔं।

**सामाजिक तथा सांस्कृतिक सद्भाव, समुन्नत समाजको आधार**

**गणेशमान चारनाथ नगरपालिका, धनुषा**

**सर्पको टोकाइबाट बचौं र बचाऔं**

- ❖ आफ्नो नजिक सर्पदंश उपचार केन्द्र कहाँ छ ? जानकारी राखौं,
- ❖ सर्पले डसेका व्यक्ति आत्तिन सक्छन्, सान्त्वना दिऔं,
- ❖ सर्पले डसेका व्यक्तिलाई तुरुन्त अस्पताल वा सर्पदंश उपचार केन्द्र पुऱ्याऔं,
- ❖ झारफूकलगायतका गलत परम्परागत उपचार विधितिर नलागौं,
- ❖ घरवरपरका सर्प बस्नसक्ने सम्भावित ठाउँको पहिचान गरी व्यवस्थापन गरौं,
- ❖ रातको समयमा बुट लगाएर टर्च लाईट बालेर हिड्ने गरौं,
- ❖ घरमा सर्प छिर्न सक्ने प्वालहरु बन्द गरौं,
- ❖ झुल लगाएर खाटमा सुत्ने गरौं।

**लक्ष्मीनियाँ गाउँपालिका, धनुषा**



# मटिहानीस्थित लक्ष्मीनारायण मठमा पौराणिक झुलनोत्सव सुरु

धर्वेन्द्रकुमार यादव 'यदुवंशी'
**साउन ३० गते, महोत्तरी**

महोत्तरीको मटिहानी नगरपालिका-७ स्थित प्रसिद्ध धार्मिक तथा ऐतिहासिक स्थल लक्ष्मीनारायण मठमा सदियौँदेखि परम्परागत रूपमा मनाइँदै आएको पौराणिक झुलनोत्सव शनिबारदेखि विधिवत् रूपमा सुरु भएको छ।

धार्मिक, सांस्कृतिक तथा ऐतिहासिक महत्व बोकेको झुलनोत्सवमा मटिहानीसहित आसपासका विभिन्न स्थानबाट श्रद्धालु तथा भक्तजनको सहभागिता रहने गरेको छ। श्रावण शुक्ल तृतीयादेखि सुरु हुने झुलनोत्सव जनै पूर्णिमाका दिन धार्मिक विधिअनुसार डोलाको डोरी काटेर समापन गर्ने परम्परा रहेको छ।

मटिहानी नगरपालिकाका नगरप्रमुख हरिप्रसाद मण्डलका अनुसार यस वर्षको झुलनोत्सव २०८३ साल श्रावण ३० गतेदेखि जनै पूर्णिमासम्म सञ्चालन हुनेछ।

## राम-सीताको मूर्ति पालकीमा राखेर झुलाघरमा लगिने

झुलनोत्सवको मुख्य आकर्षण भगवान् राम र माता सीताको मूर्ति रहने गरेको छ। प्रत्येक दिन लक्ष्मीनारायण मठबाट भगवान् राम-सीताको मूर्ति कलात्मक रूपमा सजाइएको पालकीमा राखी बाजागाजा, भजन-कीर्तन तथा धार्मिक जयघोषसहित झुलाघरसम्म पुऱ्याउने परम्परा छ।

झुलाघरमा मूर्ति स्थापना गरी विशेष पूजाआराधना गरिने र श्रद्धालु भक्तजनले दर्शन तथा पूजा गर्ने गरेका छन्। साँझपख हुने भजन-कीर्तन, धार्मिक गीत तथा सांस्कृतिक कार्यक्रमले मटिहानीको वातावरण भक्तिमय बन्ने गरेको छ।

## त्रेतायुगदेखिको परम्परा मानिँदै आएको विश्वास

स्थानीय धार्मिक मान्यताअनुसार मटिहानीको झुलनोत्सव त्रेतायुगदेखि नै सुरु भएको विश्वास गरिन्छ। भगवान् राम र माता सीताको विवाहसँग जोडिएको धार्मिक तथा सांस्कृतिक इतिहास बोकेको मटिहानीमा झुलनोत्सवलाई विशेष महत्वका साथ मनाउने गरिएको स्थानीयवासी बताउँछन्।

मठको धार्मिक परम्परा, मिथिला संस्कृति र स्थानीय जनविश्वाससँग जोडिएको यो पर्व पुस्तौँदेखि निरन्तर मनाइँदै आएको छ। झुलनोत्सवका अवसरमा भगवान् राम-सीताको दर्शन तथा पूजाआराधना गर्दा मनोकांक्षा पूरा हुने र धार्मिक पुण्य प्राप्त हुने जनविश्वाससमेत रहेको छ।

## धार्मिक पर्यटनको महत्वपूर्ण गन्तव्य

मटिहानी नेपालको प्राचीन धार्मिक तथा सांस्कृतिक नगरीका रूपमा परिचित छ। यहाँस्थित लक्ष्मीनारायण मठ, लक्ष्मीसागर पोखरीलगायतका धार्मिक तथा ऐतिहासिक स्थलका कारण वर्षभरि नै श्रद्धालु तथा पर्यटकको आवागमन हुने गरेको छ।

विशेषगरी झुलनोत्सवका बेला मटिहानीमा भक्तजनको चहलपहल बढ्ने गर्दछ। विभिन्न जिल्लाबाट आउने श्रद्धालुका कारण स्थानीय बजार तथा व्यापारिक गतिविधिसमेत बढ्ने गरेको छ। झुलनोत्सवले धार्मिक पर्यटन प्रवर्द्धनका साथै स्थानीय कला, संस्कृति र परम्पराको संरक्षणमा समेत योगदान पुऱ्याउँदै आएको स्थानीयवासीको भनाइ छ।

## सुरक्षा तथा व्यवस्थापनमा जोड

झुलनोत्सवमा ठूलो सङ्ख्यामा श्रद्धालु सहभागी हुने भएकाले मेला अवधिभर शान्ति-सुरक्षा, यातायात व्यवस्थापन, सरसफाइ र खानेपानीलगायतका विषयमा

बाँकी पृष्ठ ३ मा



विशेष ध्यान दिनुपर्ने आवश्यकता देखिएको छ। नगरपालिकाले झुलनोत्सवलाई व्यवस्थित, सुरक्षित र मर्यादित बनाउन आवश्यक समन्वय तथा व्यवस्थापन गर्ने जनाएको छ। नगरप्रमुख मण्डलले झुलनोत्सव मटिहानीको धार्मिक पहिचानसँग

बाँकी पृष्ठ ३ मा

भू-संरक्षणमा ध्यान दिऔं

- भू-क्षय र पहिरो नियन्त्रणमा योगदान दिऔं,
- भिरालो जमिनमा खेती गर्दा गरा बनाई गरौं,
- भूक्षय रोक्ने रुख, घाँस (अम्रिसो, बाँस) जस्ता बोटबिरुवा रोपौं,
- बिना अनुमति गिट्टि, बालुवा, माटो, ढुङ्गा उत्खनन नगरौं,
- भू-बनोट र वातावरणीय अध्ययन गरेर मात्र सडक पूर्वाधार निर्माण गरौं,
- वन, जलस्रोत र प्राकृतिक सम्पदाको संरक्षण गरौं,
- भू-संरक्षणमा समुदायको सहभागिता बढाऔं।

**भू-रक्षाः जीवनको सुरक्षा**

मिथिला नगरपालिका, धनुषा

सचेत उपभोक्ता बनौं

**सामान खरिद गर्दा देहायका बिषय एकिन गरौः**

- उत्पादकको नाम, ठेगाना र दर्ता नम्बर,
- वस्तुको उत्पादन मिति र उपभोग गरिसक्नुपर्ने मिति,
- आयातित वस्तुको हकमा आयातकर्ताको नाम, ठेगाना,
- वस्तुमा भएको मिश्रण, तौल र परिमाण,
- वस्तुको अधिकतम् बिक्री मूल्य,
- गुणस्तर निर्धारण भएको वस्तुको हकमा त्यस्तो वस्तुको गुणस्तर,
- वस्तुको प्रयोग गर्ने तरीका र प्रयोग गर्नु पूर्वको सावधानी।

**सामान खरिद गर्दा सकेसम्म बैकिङ माध्यमबाट भुक्तानी गरौं**
**भुक्तानी गरेको मूल्य बराबरको विल लिऔं**

गौशाला नगरपालिका, महोत्तरी

स्वच्छ शहरः स्वस्थ्य शहर

- धुवाँ बढी फाल्ने सवारी साधनको प्रयोग नगरौं,
- सवारी साधनको समय-समयमा मर्मतसम्भार गरौं,
- तोकिएको स्थानमा मात्र फोहोर फालौं,
- नदी किनार, सडक छेउ र सार्वजनिक स्थानमा वृक्षारोपण गरौं,
- सार्वजनिक स्थलका बोट-विरुवा तथा फलफूलको संरक्षण गरौं,
- ध्वनि र वायु प्रदुषण कम गरौं,
- सडकको समय-समयमा मर्मतसम्भार गरौं,
- सडकमा निर्माण सामग्री नराखौं।

**शहरलाई सफा राखौः सुन्दर बनाऔं।**

रामगोपालपुर नगरपालिका, महोत्तरी

बर्डफ्लुजन्य जोखिमबाट सुरक्षित बनौं

- कुखुरा तथा पन्छीपालनमा सुरक्षा तथा सावधानीका उपाय अपनाऔं,
- अस्वस्थ वा मरेका पन्छीको सम्पर्कबाट टाढा रहौं,
- पन्छी छोएपछि साबुनपानीले राम्रोसँग हात धुने बानी बसालौं,
- कुखुरा तथा अण्डा राम्ररी पकाएर मात्र खाने गरौं,
- पन्छीपालन क्षेत्र र वरपरको वातावरण सफा राखौं,
- शंकास्पद लक्षण देखिए वा पन्छी मरेमा सम्बन्धित निकायलाई जानकारी गराऔं,
- पन्छीको अवैध ओसारपसार र बिक्री वितरण रोक्न सहयोग गरौं,
- स्वास्थ्य सुरक्षाका उपाय अपनाई रोगको जोखिम घटाऔं।

**सावधानी अपनाऔं, बर्डफ्लुको जोखिम घटाऔं**

औरही नगरपालिका, महोत्तरी

कृषि उत्पादनमा आत्मनिर्भर बनौं

- आधुनिक प्रविधिको प्रयोग गरी कृषि उत्पादन वृद्धि गरौं,
- कृषकलाई आवश्यक मल, वीउ समयमै उपलव्ध गराऔं,
- स्थानीय उत्पादनलाई बजारसम्म पुऱ्याउन बजार संयन्त्रको विकास गरौं,
- कृषकलाई सीप, तालिम र सहुलियतपूर्ण ऋण उपलव्ध गराऔं,
- जमिनको संरक्षण गरौं, खेतीयोग्य भूमिको सदुपयोग गरौं,
- कृषि उत्पादन बढाऔं र कृषि उपजमा आत्मनिर्भर बनौं,
- नवीन प्रविधि र अवसर उपलब्ध गराई युवाहरूलाई कृषिमा आकर्षित गरौं।

**कृषि पेशा प्रति सम्मान र गौरव गरौं।**

मटिहानी नगरपालिका, महोत्तरी

खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२९८९)
उप-सम्पादक : धर्वेन्द्र कुमार यादव 'यदुवंशी' (९८५४०२९०५३) E-mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा,